नेपाल सरकार, स्थानीय तह

# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा
स्था: २०७३

प.सं.:
च.नं.:

**कर्मचारी आवश्यकता सम्बन्धि सूचना**

मिति: ........................

(सूचना प्रकाशित मितिः२०७५/०८/१८)

यस लिखु गाउँ कार्यपालिकाको मिति २०७५/६/२३, मिति २०७५/०७/१८ र मिति २०७५/०८/०७ मा भएको बैठकको निर्णयानुसार चालु आ.ब.०७५/७६ मा स्वीकृत भएका तपसिलमा उल्लेखित पद र संख्याका कर्मचारीहरुको आवश्यकता भई सेवा करार अन्तर्गत पद पूर्ति गर्नु पर्ने भएको हुँदा इच्छुक योग्य उमेरद्धारहरुलाई दरखास्त पेश गर्न आव्हान गर्दै यो विज्ञापन सम्बन्धि सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | वि.नं. | पद | सेवा/ समूह | आवश्यक पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | निवेदन दस्तुर | कार्यक्षेत्र | परीक्षा मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०२-०१ (०७५।०७६) | सव-इन्जिनियर | सिभिल /इन्जिनियरिङ्ग | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाण पत्र तह (तीन बर्षे कोर्ष ) उत्तिर्ण वा सो सरह। | लिखित तथा अन्तरवार्ता | १०००।- | लिखु गा.का.पा.का. तथा सम्वन्धित फिल्ड | २०७५/९/१३ दिनको १:०० बजे | |
| २ | ०२-०२ (०७५।०७६) | असिष्टेण्ट सव-इन्जिनियर | सिभिल /इन्जिनियरिङ्ग | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राबिधिक एस.एल.सी.(T-SLC/T-SEE)उत्तिर्ण गरेको | लिखित तथा अन्तरवार्ता | ७००।- | लिखु गा.का.पा.का. तथा सम्वन्धित फिल्ड | २०७५/९/१३ दिनको १:०० बजे | |
| ३ | ०२-०३ (०७५।०७६) | प्रशासन तथा लेखा सहायक | प्रशासन | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.उत्तिर्ण वा SEE मा कम्तिमा C ग्रेड वा सो भन्दा माथि प्राप्त गरेको। | लिखित, अन्तरवार्ता तथा प्रयोगात्मक | ७००।- | लिखु गा.का.पा. कार्यालय | प्रथम पत्र:- ०७५/०९/१४ गते दिनको ३:०० बजे<br>दोस्रो पत्र:- ०७५/०९/१५ गते दिनको १०:०० बजे<br>तेश्रो पत्र:- ०७५/०९/१५ गते दिनको १२:०० बजे | |
| ४ | ०२-०४ (०७५।०७६) | ल्याव असिष्टेण्ट | स्वास्थ्य /मेडिकल ल्याब | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिष्टेण्ट कोर्ष उत्तिर्ण गरेको। | लिखित तथा अन्तरवार्ता | ७००।- | स्वा.चौ. यसम | २०७५/९/१३ दिनको १:०० बजे | |
| ५ | ०२-०५ (०७५।०७६) | अ.न.मी. वा अ.हे.व | स्वास्थ्य अ.हे.व./हे.ई / प.हे.न | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्णगरेको वा सि.एम.ए. कोर्ष उत्तिर्णगरेको। | लिखित तथा अन्तरवार्ता | ७००।- | स्वास्थ्य यूनिटहरुमा | २०७५/९/१३ दिनको ३:०० बजे | |
| ६ | ०२-०६ (०७५।०७६) | अ.न.मी. | स्वास्थ्य प.हे.न | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको। | लिखित तथा अन्तरवार्ता | ७००।- | बर्थिङ्ग सेन्टर भएका स्वा.सं.हरु | २०७५/९/१३ दिनको १:०० बजे | |
| ७ | ०२-०७ (०७५।०७६) | ना.प.से.प्रा. | कृषि सेवा/ (पशु स्वास्थ्य) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु स्वास्थ्य बिषयमा प्राविधिक एस.एल.सी (T-SLC/T-SEE)उत्तिर्णगरेको। | लिखित तथा अन्तरवार्ता | ७००।- | लिखु गा.का.पा. पशु स्वास्थ्य शाखा एवं सम्बन्धित फिल्ड | २०७५/९/१३ दिनको १:०० बजे | |

ओम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार, स्थानीय तह

# लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

स्थापित २०७३

प.सं.:

च.नं.:

मितिः ........................

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ०२-०८ (०७५।०७६) | पालिका प्रहरी जवान· | विविध | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरेको। | लिखित अन्तरवार्ता तथा प्रयोगात्मक | ५००।- | लिखु गा.का.पा. कार्यालय एवं सम्वन्धित फिल्ड | शारीरिक परीक्षणः- ०७५/०९/१३ गते दिनको १०:०० बजे<br>०७५/०९/१४ गते दिनको १२:०० बजे | |
| ९ | ०२-०९ (०७५।०७६) | कार्यालय सहयोगी | विविध | ११ | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरेको। | लिखित तथा अन्तरवार्ता | ४००।- | लिखु गा.का.पा. कार वडा कार्यालयमा | २०७५/९/१५ गते दिनको ३:०० बजे। | |
| १० | ०२-१० (०७५।०७६) | स्वीपर | विविध | २ | साधारण लेखापढ गर्न सक्ने। | अन्तरवार्ता | २००।- | १ जना गा.का.पा.का १ जना गाम्नाङ्टार स्वा.चौकी | अन्य पदहरुको अन्तरवार्ता सँगै हुनेछ। | |

**द्रष्टव्यः-**

१. दरखास्त दिने अवधिः- मिति २०७५/०८/१८ गते देखि २०७५/०९/०३ सम्म। प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म।

२. दोव्वर दस्तुरः- मिति २०७५/०९/०४ देखि २०७५/०९/१० सम्म।

३.दरखास्त फारम पाउने स्थानः- लिखु गा.पा. कार्यालयको प्रशासन शाखा।

४. दरखास्त फारम र परीक्षा दस्तुर बुझाउने स्थानः- लिखु गा.पा. कार्यालयको प्रशासन शाखा।

५. दरखास्त फारमको साथमा पेश गर्नु पर्ने कागजातहरुः- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति, पासपोर्ट साईजमा हालसालै खिचेको फोटो ३/३ प्रति। विज्ञापनमा उल्लेखित पदहरु मध्ये सम्बन्धित विषयको परिषदमा दर्ता हुनु पर्ने प्राबधान रहेका पदहरुका लागि उक्त परिषदमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति साथै सम्बन्धित पदमा अनुभव वा थप तालिम प्राप्त गरेको भए सो को प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति।

६. उमेर सम्बन्धमाः- कम्तिमा १८ बर्ष पुरा गरेको।

७. करार अवधिः- करार अवधि बढिमा ६ महिनाको हुनेछ।

८. पालिका प्रहरीसँग सम्बन्धित पदहरुका लागि शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र मौखिक परीक्षा नेपाल प्रहरीमा भर्ना गर्दा आवश्यक पर्ने मापदण्डहरु अपनाईनेछ।

९. सम्पर्क मितिः- दोब्बर दस्तुरको म्याद समाप्त भएको भोलि पल्ट।

१०. स्थानीय तथा कार्यानुभव भएका उम्मेद्धारहरुलाई प्राथमिकता दिईनेछ।

११. छनौट सम्बन्धि अन्य व्यवस्था कर्मचारी छनौट समितिले निर्धारण गरेको कार्यविधि अनुसार हुनेछ।

१२. वि.नं:-०२-०१ दखि ०२-०७ सम्मका पदहरुको लिखित, मौखिक र प्रयोगात्मक परीक्षा संघिय लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ।

१३. अन्य पदहरुको विज्ञापनको हकमा दरखास्त फारमको साथमा पाठ्यक्रम उपलब्ध गराईनेछ।

१४. सेवा सुविधा सम्बन्धमाः- गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ।

१५. रित नपुगी र तोकिएको म्याद भन्दा पछाडि आएका दरखास्तहरु स्वीकृत हुने छैनन्।

१६. परीक्षा केन्द्र दरखास्त फारममा तोके वमोजिम हुनेछ।

१७. बिषेश कारणवश तोकिएको मितिमा परीक्षा संचालन हुन नसकेमा पदपूर्ति समितिले तोके बमोजिम परीक्षा मिति पुनः कायम गरिनेछ अन्यथा तोकिएकै समय तालिकानुसार परीक्षा संचालन हुनेछ।

१८. लिखित परीक्षामा सफल भएका उमेरद्धारहरुलाई मात्र अन्तरवार्तामा समावेश गराईनेछ साथै अन्तरवार्ता सम्बन्धि समय तालिका लिखित परीक्षाको नतिजा सँगै प्रकाशन गरिनेछ।

१९. अन्य थप जानकारी आवश्यक परेमा लिख गा.पा.को कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।

०७५/०८/१८

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत